# पुतलीबजार नगरपालिका स्याङ्जा
# स्थानीय विकास बिशेष कोष सञ्चालन कार्यविधि,२०७८

स्थानीय विकास विशेष कोष संचलान कार्यविधि, २०७८

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश

**प्रमाणीकरण गर्ने**

.......................

**सिमा कुमारी क्षेत्री 'प्रमुख'**

**मिति :** २०७८/०५/२६

**पुतलीबजार नगरपालिका स्याङ्जा**
**स्थानीय विकास बिशेष कोष सञ्चालन कार्यविधि,२०७८**

## स्थानीय विकास बिशेष कोष सञ्चालन कार्यविधि २०७८

भूमीका :

पुतलीबजार नगरपालिकाले आफ्नो क्षेत्र भित्र नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था गरिएका कार्यक्षेत्रहरुमा विकास निर्माण, उद्यम विकास, पर्यटन प्रवर्द्धन, लक्षित वर्ग तथा समुदाय लक्षित कार्यक्रम, वातावरण संरक्षण, मानव स्वास्थ्य, मर्मत संभार, कृषि तथा पशुपालन, शिक्षा, खेलकुद, रोजगार तथा सीपमूलक जस्ता आकस्मिक/बिशेष प्रकृतिका कार्यक्रमहरुको लागि बिशेष कोष स्थापना गरी सञ्चालन गर्न उपयुक्त देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम पुतलीबजार नगर कार्यपालिकाले **स्थानीय विकास बिशेष कोष सञ्चालन कार्यविधि २०७८** जारी गरेकोछ।

### परिच्छेद १
### प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "**स्थानीय विकास बिशेष कोष सञ्चालन कार्यविधि २०७८**" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२.परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(**क**) **'ऐन'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

**(ख) 'कार्यपालिका'** भन्नाले पुतलीबजार नगरकार्यपालिका सम्झनु पर्दछ।

(**ग**) **'कोष'** भन्नाले मर्मत संभार बिशेष कोषलाई सम्झनु पर्दछ।

**(घ) 'नगरसभा'** भन्नाले पुतलीबजार नगरसभा सम्झनु पर्दछ ।

(**ङ**) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

**(च) 'लेखा प्रमुख'** भन्नाले नगर कार्यपालिका कार्यालयको लेखा प्रमुखलाई सम्झनु पर्दछ।

**(छ) 'वडा समिति'**भन्नाले पुतलीबजार नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

**(ज) 'विपद'**भन्नाले विपद सम्बन्धी प्रचलित कानूनमा परिभाषित विपद्लाई संझनु पर्दछ।

### परिच्छेद २
### कार्यक्रम सञ्चालन तथा कार्यान्वयन

३. योजनाको सञ्चालन तथा कार्यान्वयन :

स्थानीय विकास विशेष कोष संचलान कार्यविधि, २०७८

(१) यस कोषबाट खर्च गर्ने गरी छनौट भएका आयोजना तथा कार्यक्रमहरु नगरपालिका आफैले वा उपभोक्ता समिति वा गैरसरकारी संस्थालाई परिचालन गरी सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुमा उपभोक्ताको लागत सहभागीता अंश नगरपालिकाका अन्य कार्यक्रम बमोजिम हुनेछ ।

४. कोषको व्यवस्था : (१) नगरपालिकामा स्थानीय विकास बिशेष कोष नामको एक कोष रहनेछ । जसमा देहायका स्रोतबाट प्राप्त रकम जम्मा हुनेछन्,

(क) पुतलीबजार नगरपालिकाको नगरसभाद्धारा स्थानीय विकास बिशेष कोषका लागि बिनियोजीत गरेको रकम,

(ख) संङ्घीय सरकार तथा प्रदेश सरकारले स्थानीय विकासमा सहयोग पुर्‍याउन उपलब्ध गराएको रकम,

(ग) दातृ संघसंस्थाद्धारा स्थानीय विकास कार्यक्रम सञ्चालन गर्नको लागि उपलब्ध गराएको रकम,

(घ) विभिन्न व्यक्ति तथा समूहबाट सो कार्यक्रमको लागि उपलब्ध गराएको रकम,

(ङ) अन्य रकम

(२) कोष तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था :

(क) दफा ४ को उपदफा (१) बमोजिम प्राप्त हुने रकम नगर कार्यपालिकाले तोकेबमोजिमको बैङ्कमा खाता खोली राख्नु पर्नेछ ।

(ख) कोषमा प्राप्त हुने सबै प्रकारको स्रोत अनुसारको खाता वा सहायक खाता तयार गरी राख्नु पर्नेछ ।

(ग) कोषको सञ्चालन नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र नगर कार्यपालिकाको कार्यालयका लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(घ) यस कोषको रकम यस कार्यविधिमा उल्लेखित उद्देश्य प्राप्तिका लागि नगर कार्यपालिकाले तोकेबमोजिमका कार्यमा मात्र खर्च गरिनेछ । यस कोषमा जम्मा भएको रकम खर्च नभएमा संचित हुँदै जानेछ ।

(ङ) यस रकमबाट आर्थिक सहायता, चन्दा पुरस्कार जस्ता वितरणमुखी कार्यक्रमका लागि खर्च गर्न पाईने छैन ।

४. कोषको रकम खर्च गर्ने क्षेत्रहरु : यस कोषबाट देहायका शिर्षकमा नगर कार्यपालिकाले कार्यक्रम तय गरी खर्च गर्न सक्नेछ,

(क) पूर्वाधार विकास सम्बन्धी कार्यक्रमहरु :

(१) स साना पूर्वाधारजन्य कार्यक्रमहरु,
(२) खानेपानी, सिंचाई, ह्युमपाईप जडान जस्ता कार्यक्रमहरु
(३) तटबन्धन, ड्याम निर्माण तथा मर्मत, खोला नियान्त्रण सम्बन्धी कार्यहरु
(४) सौर्य उर्जा,
(५) विद्यालयको पूर्वाधारजन्य कार्यक्रमहरु
(६) सरकारी तथा सार्वजनिक जग्गाहरुको संरक्षण सम्बन्धी कार्यक्रमहरु
(७) पार्किङ्ग व्यवस्थापन तथा सवारी व्यवस्थापनको लागि डिभाईडर राख्ने कार्यक्रमहरु

स्थानीय विकास विशेष कोष संचलान कार्यविधि, २०७८

(८) सार्वजनिक तथा सामुदायिक भवनको छाना छाउने कार्यहरु,

(९) खानेपानीको मुहान निर्माण, पाईप जडान सम्बन्धी कार्यहरु

(१०) सडकको नयाँ ट्रयाक खोल्ने कार्य

(ख) आर्थिक विकास सम्बन्धी कार्यहरु :

(१) उद्यमी र उद्यमशिलतालाई प्रोत्साहन गर्न सक्ने कार्यक्रमहरु,

(२) सीप विकास रोजगारमूलक कार्यक्रमहरु,

(३) पर्यटन विकास तथा प्रवर्द्धन, होमस्टे व्यवस्थापन सम्बन्धी आयोजनाहरु,

(४) कृषि तथा पशुपालन, हाटबजार व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु

(ग) विपद् तथा वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु

(१) फोहोमैला तथा ल्याण्डफिल्ड साईड व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु

(२) विपद्बाट भएको क्षतीको पुन:निर्माण सम्बन्धी कार्यक्रमहरु

(३) वृक्षारोपण, उद्यान निर्माण सम्बन्धी कार्यक्रमहरु ।

(४) बिषादी न्यूनीकरणमा सहयोग पुग्ने खालका कार्यक्रमहरु

(५) दमकल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु

(घ) सामाजिक विकास सम्बन्धी कार्यक्रमहरु

(१) शिक्षामा सबैको पहुँच अभिवृद्धी हुने खालका कार्यक्रमहरु

(२) विद्यालयहरुको निर्माण, मर्मत संभार तथा विद्यालय कम्पाउण्ड घेराबार सम्बन्धी कार्यक्रमहरु

(३) खेलकुद विकासमा सघाउ पुग्नेखालका कार्यक्रमहरु तथा खेलकुदका सामग्री खरिद कार्य

(४) स्वास्थ्य सेवामा सबैको पहुँच अभिवृद्धी हुने खालका कार्यक्रमहरु

(५) स्वास्थ्य क्षेत्रमा उपयोग हुने उपकरण तथा मेशीनरी औजारहरुको उपलब्धता सम्बन्धी कार्यक्रमहरु

(६) प्रजनन स्वास्थ्य, खोप कार्यलाई प्रभावकारी बनाउने खालका कार्यक्रमहरु

(७) एच आई भी एडस्, जस्ता रोगहरु नियन्त्रण सम्बन्धी कार्यक्रमहरु

(८) लक्षित वर्ग उत्थानमा सहयोग पुग्ने खालका कार्यक्रमहरु

(९) ऐतिहासिक, धार्मिक तथा संस्कृती संरक्षणमा सघाउ पुग्ने खालका कार्यक्रमहरु ।

(१०) कला र संस्कृति संरक्षण प्रवर्द्धन गर्ने कार्यक्रम ।

(ङ) सुशासन प्रवर्द्धन तथा क्षमता विकासका

(क) सुशासन प्रवर्द्धनको लागि आवश्यक कार्यक्रमहरु

(ख) कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रमहरु

## परिच्छेद ३
## विविध

स्थानीय विकास विशेष कोष संचालन कार्यविधि, २०७८

**६. योजना छनौट सम्बन्धी विशेष व्यवस्थाः** (१) कार्यपालिकाको बैठक नबसेको बेलामा आकस्मिक रुपमा तुरुन्त सञ्चालन गर्नु पर्ने योजनाको सञ्चालन सम्बन्धमा वडा कार्यालयको सिफारिश सहित माग भई आएमा योजनाको तत्काल सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गर्न लगाई नगर प्रमुखको निर्णयानुसार स्थानीय विकास विशेष कोषबाट खर्च हुने गरी योजना छनौट गरी कार्यान्वयन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नगर प्रमुखको निर्णयबाट छनौट गरेका योजनाहरु त्यसपछि बसेको कार्यपालिकाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम योजना छनौट गर्दा दफा ५ को उपदफा (३) को खण्ड (क), (ख) (ग) र (घ) बमोजिमको क्षेत्र बाहेकका योजना छनौट गर्न पाईनेछैन ।

७. स्थानीय तहले आफ्नो क्षेत्रभित्र यस कोषबाट सञ्चालित कार्यक्रम वा आयोजनाको अनुगमन प्रगति प्रतिवेदन र समिक्षा गरी नगरसभामा पेश गर्नु पर्नेछ ।

८. आयोजना जाँचपास तथा फरफारक सम्बन्धी व्यवस्था : (१) स्थानीय तहले कार्यक्रम वा आयोजना सम्पन्न भए पछि अनिर्वायरुपमा जाँचपास र फरफारक गराउनु पर्नेछ ।

(२) भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिक प्रमुखले पेश गरेको कार्य मूल्याङ्कनका आधारमा सार्वजनिक परीक्षण गरी पेश गर्नु पर्नेछ ।

९.लेखापरीक्षण सम्बन्धी व्यवस्था : यस कोषको लेखा परीक्षण देहाय बमोजिम हुनेछ ,

(१) यस कोषको आन्तरिक लेखा परीक्षण पुतलीबजार नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाले गर्नेछ ।

(२) अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयले गर्नेछ ।

१०. बाधा अडकाउ फुकाउन सक्ने : यस कार्यविधिको कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अडकाउ आई परेका त्यस्तो बाधा अडकाउ नगर कार्यपालिकाले फुकाई कार्यलाई सहजीकरण गर्न सक्नेछ ।

११. संशोधन : यस कार्यविधिमा संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

स्थानीय विकास विशेष कोष संचालन कार्यविधि, २०७८